# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :- ६६० 　　　　　　　　　　　　　　　　　　　　मिति :- २०७३ /५/२३

इजाजतपत्रप्राप्त वाणिज्य बैंक तथा "ख" वर्गका राष्ट्रियस्तरका विकास बैंकहरू ।

विषय :- **विदेशी नागरीकले प्राप्त गरेको पारिश्रमिकको सटही व्यवस्था सम्वन्धमा ।**

महाशय,

कुनै फर्म, कम्पनी तथा संस्थामा कार्यरत विदेशी नागरिकहरुले प्राप्त गरेको पारिश्रमिक सटही सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. कुनै फर्म, कम्पनी तथा संस्थामा कार्यरत तेश्रो मुलुकका विदेशी नागरिकहरुले रोजगारदातासँग गरेको करारमा उल्लिखित तलब भत्ता तथा अन्य सुविधा वापतको रकममा प्रचलित कानुन बमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७५ (पचहत्तर) प्रतिशत सम्म परिवर्त्य विदेशी मुद्रामा देहायका कागजातका आधारमा सम्बन्धित मुलुकमा पठाउन सकिने छ ।

१.१ आवश्यक कागजातहरु

(क) सम्बन्धित व्यक्तिको निवेदन ।

(ख) रोजगारदाता फर्म, कम्पनी तथा संस्थाको सिफारिसपत्र ।

(ग) नेपाल सरकार, श्रम विभागको श्रम स्वीकृति पत्र ।

(घ) कर्मचारी परिचयपत्र र नियुक्तिपत्र/सम्झौतापत्र ।

(ङ) पारिश्रमिक कर तिरेको प्रमाण वा भौचरको प्रतिलिपि

(च) प्रवेशाज्ञा (भिसा) वहाल सम्बन्धी प्रमाण ।

१.२ सञ्चयकोष र अवकास कोषमा जम्मा भएको रकमको हकमा नियमानुसार लाग्ने कर कट्टा गरी पाउने पुरै रकम पठाउन सकिनेछ ।

१.३ यस्तो रकम बढीमा मासिक अमेरिकी डलर ३ हजारका दरले वार्षिक अमेरिकी डलर ३६ हजारसम्म भुक्तानी गर्न सकिनेछ ।

२. कुनै फर्म, कम्पनी तथा संस्थामा कार्यरत भारतीय नागरिकहरुले रोजगारदातासँग गरेको करारमा उल्लिखित तलब भत्ता तथा अन्य सुविधा वापतको रकममा प्रचलित कानुन बमोजिम कर कट्टी पश्चात

हुन आउने रकमको बढीमा ७५ (पचहत्तर) प्रतिशत सम्म भारतीय मुद्रामा देहायका कागजातका आधारमा सम्बन्धित मुलुकमा पठाउन सकिने छ ।

२.१ आवश्यक कागजातहरु :

(क) सम्बन्धित व्यक्तिको निवेदन ।

(ख) रोजगारदाता फर्म, कम्पनी तथा संस्थाको सिफारिसपत्र ।

(ग) कर्मचारी परिचयपत्र र नियुक्तिपत्र/सम्झौतापत्र ।

(घ) पारिश्रमिक कर तिरेको प्रमाण वा भौचरको प्रतिलिपि ।

२.२ सञ्चयकोष र अवकास कोषमा जम्मा भएको रकमको हकमा नियमानुसार लाग्ने कर कट्टा गरी पाउने पुरै रकम पठाउन सकिनेछ ।

३. यस बैंकबाट मिति २०७२/४/१८ मा जारी इ.प्रा.परिपत्र संख्याः ६४२ को बुँदा ५ को (च) खारेज गरिएको छ । साथै, खारेज गरिएको व्यवस्था अन्तरगत भए गरेका कामकारवाही यसै परिपत्र अन्तरगत भए गरेको मानिनेछ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६ श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण बिभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।